## जरुरी सूचना

यस **यलुङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को २०७७/०८/०६ मा नयाँ कार्य समिति चयन गर्नुपर्ने भएकोले शेयर सदस्य महानुभावहरु निम्न स्थानमा उपस्थित हुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**स्थान** : टोंकी (TOKYI) गेष्ट हाउस, महांकाल
**समय** : विहान ११:०० बजे
**फोन नं.** : ०१५१७८२८२

निर्वाचन कमिटी

## ग्लोबल आइएमई बैंक लि.

कान्तिपथ शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका राजमान राईको मिति २०६८/०१/०१ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको पिता खडग बहादुर राईले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०७/०४ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, कान्तिपथमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## वालिङ्ग शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

**माछापुच्छ्रे बैंक लिमिटेडको वालिङ्ग न.पा. वडा नं. ८, नयाँबजार स्थित वालिङ्ग शाखा कार्यालय ग्राहकवर्गहरुमा थप गुणस्तरिय सेवा प्रवाह गर्ने उद्देश्यका साथ मिति २०७७ मंसिर ७ गते देखि साबिक स्थानबाट करीब १०० मि. उत्तर पश्चिम तर्फ स्थानान्तरण हुने भएको हुँदा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**साथै स्थानान्तरण कार्यको लागि मिति २०७७ मंसिर ५ गते शुक्रबार दिउँसो २.०० बजे देखि २०७७ मंसिर ६ गते सम्म सो शाखाले प्रदान गर्दै आएको ए.टि.एम सेवा बन्द हुने व्यहोरा समेत जानकारी गराउँदछौं । यसबाट हाम्रा सम्पुर्ण ग्राहक महानुभावहरुमा पर्न जाने असुबिधा प्रति हामी क्षमा प्रार्थी छौं ।**




माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, वालिङ्ग

## पहिलो...

स्वदेशी लगानीकर्ताका साथै भारत, चीन, जापान, दक्षिण कोरिया, मलेसिया, अमेरिका, जर्मनी, दक्षिण अफ्रिकालगायत मुलुकका लगानीकर्ताहरूमार्फत लगानी आउने गरेको छ ।

## ७७ रोपनी...

सबैभन्दा दोस्रो ठूलो भण्डारण गृह बन्ने निगमले जनाएको छ ।

चितवनको लोथरमा बन्ने ठूलो ब्लक भण्डारण गृहको सप्लाई चेनको रूपमा निगमले गगनगौंडा डिपोलाई लिएको छ । यो ७७ रोपनी जग्गामा बन्नलागेको हो । यसको प्राविधिक अध्ययन इन्जिनियरिंग अध्ययन संस्थान कन्सल्टेन्सी सेवा पुल्चोकले गरेको हो । यसको निर्माण लागत खर्च ७७ करोड रूपैयाँ र निर्माण अवधि २ वर्ष तोकिएको छ । यसको ठेक्का समानान्तर रेलिगेयर भारत ट्यांक्सले पाएका छन् ।

परियोजनाअन्तर्गत हालको डिपो हातामा ५० लाख लिटर क्षमताका दुई ठूला डिजेल भण्डारण ट्यांक बन्नेछन् । त्यस्तै एउटा नयाँ पहुँच सडक, २ लाख लिटर क्षमताको पानी भण्डारण ट्यांक, डिपोको चमेनागृह, चालक तथा सुरक्षाकर्मी बस्नका लागि पनि नयाँ संरचना निर्माण गरिनेछ । इन्धन भण्डारण ट्यांक र यसमा जडान हुने संरचना जर्मन प्रविधिमा आधारित पूर्ण स्वचालित हुने निगमले जनाएको छ ।

डिजेल लोड तथा अनलोड सुविधा पूर्ण रूपमा स्वचालित र हाइटेक सुरक्षा प्रविधिमा आधारित हुनेछन् । डिपोको भण्डारण क्षेत्रमा अग्नि सुरक्षाका लागि विशेष प्रविधि र सावधानीको कार्य पनि यही परियोजनाकै सिलसिलामा हुनेछ । नयाँ भण्डारण गृहमा २० हजार लिटर क्षमताका ३३ देखि ४० ट्यांकरले दैनिक डिजेल अनलोड गर्न सक्नेछन् ।

ट्यांकर अनलोडका लागि प्रतिघण्टा १ सय २० किलोलिटर क्षमताका ५ वटा पम्प जडान गरिनेछ । चारवटा नयाँ वे पनि सञ्चालन हुनेछ भने भण्डारण गृहको तापमान, इन्धन चुहावट, आगलागीलगायतको दुर्घटना पहिचान गर्न विशेष प्रविधि डिपोमा जडान हुने निगमले जनाएको छ । आपत्कालीन अवस्था आएमा एकै स्विचमा सबै प्रणाली बन्द गर्न सकिने एकीकृत रिमोट कन्ट्रोल प्रविधि डिपोमा हुनेछ । कुनै पनि कारणबाट डिपोमा आगो लागेमा करिब २ घण्टासम्म निरन्तर आगो नियन्त्रणका लागि लड्ने क्षमताको पूर्वाधार डिपोमा हुनेछ । ७० प्रतिशत पानी र ३० प्रतिशत फोमयुक्त अग्नि नियन्त्रण उपकरण त्यसको लागि प्रयोग हुने निगमले जनाएको छ ।

## ग्लोबल आइएमई बैंक लि.

ज्ञानेश्वर शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका सुन्दर लाल मानन्धरको मिति २०७७/०४/२० मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती भवानी देवी मानन्धरले यस बैंकको शाखा कार्यालयमा मिति २०७७/०६/३० मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, ज्ञानेश्वरमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## मोटरसाइकल हराएको सूचना

**मिति २०७७/०७/१८ गते घरमा पार्किङ्ग गरेर राखेको लु ६२ प ६५४५ नम्बरको निलो 150cc Pulsure मोटरसाइकल हराएको हुँदा भेट्टाउने वा खबर दिनुहुने महानुभावलाई स-पुरस्कार सम्मान गरिनेछ ।**

**सम्पर्क नं. :**
**९८५१००१०७५ (प्रकाश कार्की)**

**दक्षिणकाली नगरपालिका-३, भन्ज्याङ्ग**

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७७/०७/२८**

प्रा.लि.नं. ४२५९०/०६३/०६४ भएको माउण्ट जेनियस इङ्गलिस स्कूल प्रा.लि.को मिति २०७७/०६/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी माउण्ट जेनियस इङ्गलिस स्कूल प्रा.लि. को प्रबन्ध-पत्र र नियमावलीमा नाम नव दीक्षित पाठशाला प्रा.लि. राख्ने र साविक कम्पनीको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व समेत नाम संशोधित कम्पनीले व्यहोर्ने निर्णय भई मिति २०७७/०७/०५ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत कम्पनीको नाम नव दीक्षित पाठशाला कायम गर्ने स्वीकृति प्रदान गरिएको हुँदा सबैको जानारीको लागि यो नाम परिवर्तन भएको सूचना प्रकाशित गरिएको छ ।

**नव दीक्षित पाठशाला प्रा. लि.**

## बीमालेख हरायो

यसकम्पनीले जारी गरेको श्री गंगा धिमाल बीमालेख नं. १०१०९३५५८ को बीमालेख मिति २०७६/०७/२६ मा हराएको हुँदा फेलापार्नुहुने महानुभावले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नेपाल लाइफ इन्स्योरेन्स कं.लि.**
**शाखा कार्यालय काठमाण्डौं ।**
**फोन नं. ४१६९१२९, ४१६९१३०**
**पोष्ट बक्स नं. ११०३०**

## तेस्रो...

चीन निकासी हुने हस्तकलाका सामान (धातुका मूर्ति, नेपाली हातेकागजका उत्पादन, थान्का, पस्मिना, फेल्टजन्य वस्तुहरु, चाँदीका गहना, झोला), जुत्तालगायतका सामग्रीहरु प्रदर्शनीमा राखिएको थियो ।

## दुई...

दशमलव सात अंकमा रहेको नेप्से सूचकांक २०७७ भदौ मसान्तमा १५ सय ४१ दशमलव चार अंकमा पुगेको छ । २०७७ असार मसान्तमा यस्तो सूचकांक १३ सय ६२ दशमलव चार अंकमा रहेको थियो । २०७७ भदौ मसान्तमा धितोपत्र बजार पुँजीकरण २० खर्ब ४९ अर्ब २८ करोड रूपैयाँ पुगेको छ । २०७७ असार मसान्तमा बजार पुँजीकरण १७ खर्ब ९२ अर्ब ७६ करोड रूपैयाँ रहेको थियो ।

२०७७ भदौमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या दुई सय १० रहेको छ । सूचीकृत कम्पनीहरूमध्ये एक सय ४४ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ३३ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ४/४ होटल तथा व्यापारिक संस्था र छ अन्य समूहका रहेका छन् । २०७७ असारमा सूचीकृत कम्पनीहरूको संख्या दुई सय १२ रहेको थियो । सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ७५ दशमलव आठ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत् कम्पनीको हिस्सा पाँच दशमलव नौ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा तीन दशमलव छ प्रतिशत, होटेलको हिस्सा एक दशमलव एक प्रतिशत, व्यापारिक संस्थाको हिस्सा शून्य दशमलव तीन प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा १३ दशमलव तीन प्रतिशत रहेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७ भदौसम्ममा सूचीकृत चार अर्ब ८७ करोड सेयरको चुक्ता मूल्य भने चार खर्ब ७७ अर्ब ७९ करोड रूपैयाँ कायम भएको राष्ट्र बैंकले जानकारी दिएको छ ।

## प्रधानमन्त्री....

भन्दै 'ब्रिफिङ' गरिरहेका छन् ।

प्रचण्डका साखै भाइ नभए पनि नारायण दाहालले आफू साखै भाइ भएको बताउँदै व्यक्तिगत लाभ लिँदै आएका छन् । उनले पछिल्लो समय प्रधानमन्त्री ओलीविरूद्ध आफ्नो क्षमता र हैसियतले भ्याएसम्म विरोधीहरूलाई एकजुट बनाउँदै लगेका छन् । स्रोतका अनुसार नारायण दाहालले क्रसरलगायतका विभिन्न व्यवसाय गर्नेसँग पैसा उठाउने गरेका छन् । त्यसको जानकारी प्रधानमन्त्री ओलीकहाँ पुगेको छ । गृहमन्त्री बादल पनि नारायण दाहालको उक्त कदमको विपक्षमा छन् भने व्यवसायीलाई धम्क्याएको विषयमा उद्योगमन्त्री लेखराज भट्टले पनि जानकारी पाएपछि दाहाल अहिले वर्तमान सरकारविरूद्ध प्रचण्डभन्दा पनि एक कदम अगाडि आएर विरोधमा उत्रिएका छन् ।

स्रोतका अनुसार आफ्नो पक्षको सभामुख भएको, पार्टीको बहुमत आफ्नो भएको कारण केही दिनभित्रमा ओलीले प्रधानमन्त्री पदबाट राजीनामा नदिएमा अविश्वासको प्रस्ताव ल्याइने जानकारी दाहालले केही सांसदहरूलाई बिहीबार पनि गराएका छन् । स्रोतका अनुसार प्रधानमन्त्री ओलीले आर्थिक स्रोतहरूको केन्द्रीकरण गरेपछि अहिले प्रचण्ड पक्ष विचारभन्दा पनि पैसाको कारण धेरै तड्पिनपुगेको छ ।

विचारको लागिभन्दा पनि भागबण्डाका लागि नेकपाभित्र विवाद तीव्र बनिरहेको छ । विवाद तीव्र बनिरहेको बेला सांसदहरूलाई प्रभावमा पार्नका लागि मन्त्रीहरूले प्रधानमन्त्री ओलीविरूद्धको अविश्वास प्रस्तावमा हस्ताक्षर गरिसकेको र चाहेको बेला त्यो पनि आफूले देखाउने भन्दै सांसदहरूलाई फकाइरहेको स्रोतको दाबी छ । नारायण दाहालले सांसद र नेताहरूलाई गरेको ब्रिफिङको बारेमा प्रधानमन्त्रीले पनि थाहा पाइसकेको एक नेताले जानकारी दिए ।

## खारेजी सूचना

मिति २०५९-०५-१३ मा दर्ता भएको प्रा.लि.नं. ९६६८९ को मूल इन्फरमेशन टेक्नोलोजी प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७६-११-१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

'तपाईंको बचतको आधार, नवनिर्माणको लागि पूर्वाधार'

## नव निर्माण बहुउद्देश्यीय सहकारी संस्था लि.

**सातदोबाटो १५ ललितपुर**

### पाँचौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा यस संस्थाको २०७७/०७/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागको च.नं. २०२ मिति २०७७/०६/०१ को प्राप्त सूचनाबमोजिम यस संस्थाको पाँचौं वार्षिक साधारणसभा निम्नअनुसारका विषयहरूमा छलफल गरी निम्न मिति, स्थान र समयमा हुने भएकोले यहाँहरूको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोधसहित पत्राचार गरिएको व्यहोरा अनुरोध गर्दछौँ । यदि कुनै कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपस्थित भई दिनुहुन सम्पूर्ण सेयर सदस्यहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

**कार्यक्रम**
**मिति** : २०७७/०८/१३ गते शनिबारदेखि २०७७/०८/१५ सोमबारसम्म
**समय** : बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म
**स्थान** : संस्थाको कार्यालय ललितपुर म.न.पा.१५ सातदोबाटो, ललितपुर

**छलफलका विषयहरू :**

१. सञ्चालक समितको तर्फबाट अध्यक्षको वार्षिक नीति तथा कार्यक्रम प्रतिवेदन प्रस्तुत तथा आ.व. ०७७/०७८ को लागि प्रस्तावित नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।
२. लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट आ.व.०७६/०७७ को प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।
३. लेखा परिक्षकको तर्फबाट आ.व. ०७६/०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।
४. आ.व.०७७/०७८ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. सञ्चालक समितको तर्फबाट कोषाध्यक्षको आ.व.०७६/०७७ को वार्षिक आर्थिक प्रतिवेदन र आ.व.०७७/०७८ को लागि प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा ।
६. आ.व.०७६/०७७ मा बसेको सञ्चालक समिति, उपसमितिको बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. विनियम संशोधन सम्बन्धमा ।
८. बहुउद्देश्यीय परियोजनाको सम्भाव्यता अध्ययन सम्बन्धमा ।
९. आ.व.०७६/०७७ संरक्षित पुँजी कोष वितरण प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
१०. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्य प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा ।
११. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

(नोट : सेयर सदस्यहरूले सभामा आउँदा सामाजिक दूरी पालना गर्नुपर्नेछ तथा नागरिकता/फोटो १/१ प्रति अनिवार्य लिएर आउनुपर्नेछ । साथै उपस्थित सेयर सदस्यहरूलाई बाटो खर्च उपलब्ध गराइनेछ।)

## काठ/दाउरा लिलाम बिक्री–सम्बन्धी सूचना

(प्रकाशित मितिः–२०७७/०७/२८)

यस श्री कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय सिन्धुलीमाडीको कार्यालय हाताभित्रका हटाउन आवस्यक रूखहरु डिभिजन वन कार्यालय सिन्धुलीको सहमतिपत्रका आधारमा कटान भै उत्पादन भएका विभिन्न अवस्थाका सिसौं जातको गोलिया थान १४४, क्युफिट ४२३.५६ र १.० चट्टा दाउरा लिलाम बिक्री गर्नुपर्ने भएकाले सम्बिन्धित /सरोकारवाला सबैले यो सूचना प्रकाशन भएको मितिले २१ दिनमा बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा पेश गर्न हुन सबैमा जानकारी गराईन्छ । अन्य जानकारीका लागि यस कार्यालयको (फोन ०४७–५२०११७) सूचना पाटीमा टाँसिएको सुचना हेर्न सकिने छ ।

**श्री कृषि सामग्री कम्पनी लिमिटेड**
**शाखा कार्यालय सिन्धुलीमाडी ।**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७/०७/२८

यस कम्पनीको मिति २०७६/११/१२ मा सम्पन्न एकल शेयरधनीहरूको विशेष निर्णयानुसार साविकको कम्पनी **चन्द्र एम. एम. डाइनामिक बोर्डिङ्ग स्कुल प्रा.लि.** (प्रा.लि.नं.८६८२३)को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु–व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सिद्धार्थ गौतम नेशनल बोर्डिङ्ग स्कुल प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

## नाम्खा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**यालवाङ, हुम्ला ।**

### सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७ /०७ /२८

यस कार्यालयबाट आ.व. २०७७/०७८ मा विभिन्न योजनाहरूको निर्माणकार्य सिलबन्दी दरभाउपत्र गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**शर्तहरू :**

१. तपसिलमा उल्लिखित रकम (फिर्ता नहुने गरी) नगदै बुझाई रसिद संलग्न राखी अद्यावधिक नवीकरण भएको ठेक्का इजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलबन्दी बोलपत्रको हकमा ३० दिनभित्र नाम्खा गाउँपालिकाको कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेका सिलबन्दी बोलपत्र फारम नियमअनुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.न., सिलबन्दी दरभाउपत्रदाता नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बिक्री गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म नाम्खा गाउँपालिकाको कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।
३. तपसिलमा उल्लिखित धरौटीबापतको रकम सिटिजन वैंक, याल्वाङ हुम्लास्थित नाम्खा गाउँपालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं. ०७६०१०००००३१२०१ नगद जम्मा गरेका सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा अधिकारप्राप्त वाणिज्य बैकहरूले जारी गरेको सिलबन्दी बोलपत्र को हकमा कम्तीमा १२० दिन म्याद भएको बिड बन्ड दरभाउपत्र साथ संलग्न गनुपर्नेछ ।
४. सिलबन्दी बोलपत्रको शतरहित, प्रत्येक आइटममा प्रस्टसँग भरिएको, दरभाउपत्रलगायत कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनपरेमा दस्तखत भएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्तविपरीत भएको दरभाउपत्रमाथि कुनै कारबाही हुनेछैन ।
५. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरू दरभाउपत्रमा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिनेछ ।
६. सिलबन्दी बोलपत्रदाता निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।
७. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिनेछ ।
८. बोलपत्र डकुमेन्ट, स्पेसिफिकेसन, परिमाण सूची (Bill of Quantities) आदिमा - भाषागतसमेत) त्रुटि भएमा वा विषय प्रसंगले अंर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।
९. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. सिलबन्दी बोलपत्र फारामको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्रदाताले छापसहित सही गर्नुपर्नेछ ।
११. सिलबन्दी बोलपत्रदाताबाट बोलपत्र उल्लिखित परिमाण सूचीमा प्रत्येक आइटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन ।
१२. सिलबन्दी बोलपत्र नियमानुसार लाग्ने भ्याटबाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
१३. यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का.नं. | योजनाको नाम | अनुमानित ल.ई. ( भ्याट र कन्टिजेन्सी बाहेक) रु. | धरौटीबापतको रकम रु. | बोलपत्र/ दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०२/NRM/२०७५/०७६ | चेन लिंक फेन्सिङ (मुचु स्कुल घेरबार) कार्य | ३८१२७१९।६७ | ९५५००।०० | ३०००।०० | बोलपत्र |
| २ | ०३./NRM/२०७५/०७६ | चेनलिंक फेन्सिल(यारी स्कुल घेरबार) कार्य | ३८०९४२५।९० | ९५५००।०० | ३०००/०० | बोलपत्र |

## डुडुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बनकट्टी, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### संक्षिप्त सूचीको आशयपत्र मागसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/७/२८

प्रस्तुत विषयमा यस डुडुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बनकट्टी, बाँकेबाट आ.व. २०७७/०७८ को गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अनुसारको परिच्छेद-३ दफा-११ मा उल्लेख भएअनुसार को सेवा प्रदायक छनोट गर्न सोही निर्देशिकाको दफा-१३ को प्रयोजनको लागि आशयपत्र माग गर्ने उल्लेख भएकोले सोही निर्देशिकाको अनुसूची-४ बमोजिमको ढाँचामा आशयपत्र पेश गर्न इच्छुक सेवा प्रदायक संस्थाहरूले सूचना प्रकाशित मितिबाट १५ दिनभित्र आवश्यक कागजातसहित कार्यालय समयमा आशयपत्र दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

नोट : आशय पत्र पेश गर्ने सेवा प्रदायक संस्थाहरूले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को अनुसूची ४ बमोजिमको ढाँचामा पेश गर्नुहुनु र उक्त निर्देशिका र ढाँचा यस गा.पा.को Website - duduwamun.gov.np मा रहेको व्यहोरा समेत सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ठगीको आरोपमा सुन्दर यातायातका अध्यक्ष थापा पक्राउ

काठमाडौं । महानगरीय अपराध अनुसन्धान महाशाखाले सुन्दर यातायातका अध्यक्ष भेष बहादुर थापालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी परिसर काठमाडौंका एसएसपी श्याम ज्ञवालीले थापालाई पक्राउ गरिएको बताए । अध्यक्ष थापाका विरूद्धमा एक महिना अघि भविन्द्र प्रसाद बञ्जाडेले महानगरीय प्रहरी परिसरमा मुद्दा दर्ता गरेका थिए ।

प्रहरीले अनुसन्धान क्रममा पक्राउ गरिएको जनाएको छ । उनलाई कालिमाटी क्षेत्रबाट प्रहरीले पक्राउ गरेको हो । प्रहरीले सम्पर्कमा आउन आग्रह गर्दा राजनीतिक पहुँचको धाक दिँदै हिडेपछि आज पक्राउ गरेको हो ।

सुन्दर यातायात प्रा.लिका अध्यक्ष अध्यक्ष थापा यसअघि पनि ठगी मुद्दामा जेल जीवन बिताइसकेका व्यक्ति हुन् । काठमाडौं जिल्ला अदालतको आदेश अनुसार दुई वर्षभन्दा बढि जेल बसेर निस्केका थिए । उनले शैक्षिक प्रमाण पत्र एसएलसी उत्तीर्ण गरेको भनि कीर्ते कागजात बनाई नयाँ बिचार साप्ताहिक नामक पत्रिका दर्ता गरी सुचना विभागबाट प्रेस पास समेत लिएको अभियोग समेत यसअघि लागेको थियो ।

विभिन्न व्यक्ति तथा समुहलाई प्रभावमा पारेर



उपत्यकामा विद्युतीय बस सञ्चालन गर्दै आएका सुन्दर यातायातका अध्यक्ष थापाले खाता रकम नभएको एक करोड रूपैयाँको चेक दिएर ठगी गरेको उजुरीको आधारमा प्रहरीले पक्राउ गरेको जनाएको छ । यद्यपि प्रहरीले भने थापा विरूद्धमा अन्य ठगीका मुद्दाहरू समेत आउने अनुमान गरेको जनाएको छ । जानकारहरूका अनुसार थापाले दर्जनौं व्यक्तिहरूलाई ठगी गरेका छन् । पछिल्लो पटक उपप्रधानमन्त्री तथा नेकपाका सचिवालय सदस्य ईश्वर पोखरेल निकट भएको दावी गर्ने थापाले केही ठाउँमा आफुलाई गृहमन्त्री रामबहादुर थापा बादलको मान्छे समेत भन्दै ठगी गर्ने गरेका छन् । गुल्मीका थापाबाट २०६२ साल यता नेपाल प्रहरीकै उच्च अधिकारी, सैनिक अधिकारी तथा पत्रकारहरू समेत ठगिएका थिए । यस विषयमा कुरा गर्न सम्पर्क गर्दा थापाको मोबाइल स्वीच अफ रहेको थियो ।


## संस्थापक शेयर बिक्री बारेको ३५ दिने सूचना

प्रकाशित मिति: २०७७/०७/२८

यस गोर्खाज फाइनान्स लिमिटेडका केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्न आवश्यक स्वीकृतिको लागि बैंकको संचालक समिति समक्ष आवेदन दिनु भएकोले यस बैंकका बिद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त संस्थापक शेयरहरु खरीद गर्न ईच्छुक संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस फाइनान्सको मुख्य कार्यालय चारखालरोड, डिल्लीबजार, काठमाडौंमा लिखित जानकारी गराउनु हुन अनुरोध गरिन्छ । तोकिएको समयावधि भित्र बिद्यमान संस्थापकहरुबाट शेयर खरीद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम शेयर बिक्री प्रक्रिया अगाडी बढाइने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

Your Financial Friend

**Gurkhas Finance Ltd.**

**गोर्खाज फाइनान्स लि.**

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

चारखालरोड, डिल्लीबजार, पो.ब.नं.-५०९०, काठमाडौं

फोन: ४४३७४०१, फ्याक्स: ४०११५२५

ईमेल: info@gurkhasfinance.com.np, वेभ साइट: www.gurkhasfinance.com.np


# नेपालको श्रम बजारलाई व्यवस्थित बनाउन गहन अध्ययन गरिने

आर्थिक संवाददाता

काठमाडौं, कात्तिक २७

नेपालको श्रम बजारलाई व्यवस्थित बनाउने उद्देश्यसहितको परियोजना कार्यान्वयन गर्ने विषयमा नेपाल उद्योग वाणिज्य महासंघ र ब्रिटिस काउन्सिलबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

महासंघको टेकुस्थित सचिवालयको हलमा आयोजित कार्यक्रममा महासंघको तर्फबाट अध्यक्ष भवानी राणा र ब्रिटिस काउन्सिलको तर्फबाट कन्ट्री डाइरेक्टर साहिदा म्याकडुगलले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । नेपाली श्रम बजारको अध्ययन अनुसन्धानका लागि उक्त परियोजना निकै प्रभावकारी हुने विश्वास गरिएको छ । परियोजना कार्यान्वयनमा प्रत्यक्ष सरोकार राख्ने नेपालका निजी क्षेत्रका छाता संस्थाहरू नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल साना तथा घरेलु उद्योग महासंघ र होटल संघ नेपालका पदाधिकारीहरूको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो । नेपाल निर्माण व्यवसायी महासंघको तर्फबाट कार्यक्रममा अध्यक्ष रवि सिंह र महासचिव रोशन दाहाल सहभागी थिए । कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष रवि सिंहले स्वदेशमा कामदार पाउन कठिन भइरहे पनि विदेशमा कामदारहरू गइरहेको अवस्थालाई परियोजनाले सम्बोधन गर्न सहयोग गर्ने बताए । निजी क्षेत्रका लागि सम्झौता कोशेढुंगा साबित हुने र त्यसको पूर्ण कार्यान्वयनका लागि महासंघ प्रतिबद्ध रहेको अध्यक्ष सिंहको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा, वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसंघका अध्यक्ष सतिश मोर, होटल संघ नेपालका अध्यक्ष सिर्जना राणालगायतले नेपालको श्रम बजारको पछिल्लो अवस्थाबारे आ–आफ्नो धारणा राखेका थिए । परियोजनाको प्रभावकारी कार्यान्वयन कृषि, पर्यटन तथा निर्माण उद्योगमा सरोकार राख्ने संघ/संस्थाहरूलाई अत्यन्त फलदायी हुने अपेक्षा गरिएको छ ।


## डुडुवा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके

लुम्बिनी प्रदेश, नेपाल

**विषय : सेवा करार कर्मचारी नियुक्तिका लागि दरखस्त आह्वान गरिएको सूचना**

प्रस्तुत विषयमा यस डुडुवा गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय बनकट्टी, बाँकेबाट आ.ब. २०७७/०७८ को स्थानीय तह कोभिड-१९ अस्थायी अस्पाताल सञ्चालनसम्बन्धी मार्गदर्शन २०७७ अनुसारको दफा-१ मा उल्लेख भएको पदपूर्ति गर्न सोही मार्गदर्शनको दफा २ मा व्यवस्था भएबमोजिम तपसिलबमोजिमको कर्मचारी संक्षिप्त विधिबाट सेवा करार लिनुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र आवश्यक कागजातसहित कार्यालय समयमा आवेदन दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सेवा करार विज्ञापन नं. | सेवा करार पद | संख्या | न्युनतम शैक्षिक योग्यता | सेवा शर्त | परिश्रमिक | परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १०-२०७७/०७८ | मेडिकल अधिकृत | १ | MBBS | गाउँपालिकाले तोकेबमोजिम | गाउँपालिकाको निर्णयअनुसार | १००० | अन्तर्वार्ता |
| ११-२०७७/०७८ | स्टाफ नर्स | २ | PCL नसिङ्ग | गाउँपालिकाले तोकेबमोजिम | गाउँपालिकाको निर्णयअनुसार | ६०० | अन्तर्वार्ता |
| १२-२०७७/०७८ | सहायक | १ | साधारण लेखपढ | गाउँपालिकाले तोकेबमोजिम | गाउँपालिकाको निर्णयअनुसार | ३०० | अन्तर्वार्ता |

संक्षिप्त सूची प्रकाशन गरेको दिन अन्तर्वार्ताको मिति समेत यस गाउपालिकाको वेबसाइटमा राखिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Namkha Rural Municipality

### Office of the Municipal Executive

Yalbang, Humla

**INVITATION FOR BIDS**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: 01./2077/078**
**First Date of Publication: 28/07/2077**

1. Namkha Rural Municipality Office of the Municipal executive Humla invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Namkha Rural Municipality Office the Rural Municipal executive Humla .
4. Bidding documents may be purchased from the Namkha Rural Municipality office of the Municipal executive Humla by eligible Fabricator, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***15days*** from the first date of publication of this notice.
5. Bids must be submitted to the Namkha Rural Municipality Office Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Fabricator' representatives who choose to attend at Office of the Municipal executive, Yalbang, Humla . on 13/08/2077( after 2:00 o'clock ) . Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT**), which shall be **valid for 30 days** beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Dhaurauti 0760100000031201 (citizen bank Yalbang, Humla) and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Pre-Bid Meeting shall be held at the office of (Name and address of Organization), on 05/08/2077
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Bid documents Purchasing from Namkha Rural Municipal executive Humla .
12. The name and identification of the contract are as follows:

| Contract ID no. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 01./2077/078 | Fabrication of steel parts and transportation up to road heads of Namkha Steel Truss Bridge | 1215320.36 | 35000.00 | 1000.00 |



## मायादेवी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

कम्हरिया, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२८

प्रस्तुत विषयमा यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को लागि तपसिलबमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र मागबमोजिमका विवरण र राजस्व तिरेका रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०७७/०७८ | उद्यम विकास सहजकर्ता | चौथो तह | १ | पाँचौं तहको आवेदन नपरेमा चौथो तहको २ जना राख्न सकिनेछ । |
| २ | ३/०७७/०७८ | उद्यम विकास सहजकर्ता | पाँचौ | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**
   (क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्तासम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा
   (ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण चौथो तहका लागि तह २ र पाँचौं तहका लागि तह ३ उत्तीर्ण गरेको, वा
   (ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्तासम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको
   (घ) लघु उद्यम वा व्यवसाय विकास वा व्यावसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने

२. **दरखास्त दिने स्थान** : मायादेवी गाउँपालिकाको कार्यालय वा mayadeviruralmun@gmail.com मार्फत ।

३. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/१२ गतेसम्म कार्यालय समयभित्र ।

४. **आवेदन दस्तुर** : रु. ८००।- (आठ सय मात्र) ।

५. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तर्वार्ता लिइने (यदि उम्मेदवार प्रत्यक्ष उपस्थित हुन नसकेको अवस्थामा विद्युतीय माध्यमबाट लिइनेछ ।

६. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदन स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| • नागरिकता | • २ प्रति पासपोर्ट आकारको फोटो |
| • न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र | • उद्यम विकास सहजकर्ताको प्रमाणपत्रको प्रतिलिपि |
| • चारित्रिक प्रमाणपत्र | • बायोडाटा |
| • अनुभव खुल्ने कागजात | |

७. **सेवा सुविधा** : गरिवी निवारणका लागि उद्यम विकास निर्देशिकाबमोजिम

८. **करार अवधि** : २०७८ असार मसान्तसम्म ।

**अन्य जानकारी नोट** : महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गलाई विशेष ग्राह्यता दिइनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**